बर्दगोरिया गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

मुडा, कैलाली

७ नं. प्रदेश, नेपाल

आ.ब.२०७५।०७६का लागि ढुंगा गिट्टी,बालुवा,माटो,लगायतको कर तथा शुल्क संकलनको ठेक्का सम्बन्धी बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७५/५/२१**

यस गाउ पालिका वाट आ.ब. २०७५।०७६का लागि स्थानिय सरकार संचालन ऐन २०७४ परिच्छेद ३ को दफा ११(घ)को उपदपफा २ अनुसार यस गाउपालिका क्षेत्र भित्र भएर वग्ने IEE गरेका र घाटगद्दी तोकिएका नदी खोला हरुवाट संकलन भै आन्तरिक खपत वा अन्य स्थानमा निकासि पैठारिका लागि ढुंगा,गिट्टी,बालुवा,ग्राभेल,लिई गुडने सवारी साधन संग प्रति घ.मि. रु.७५।–र माटो प्रति घ.मि. रु.३०।– (भ्याट वाहेक)का दरले गाउपालिका वाट तोकिएका सर्त हरुका अधिनमा रहि कर दस्तुर रकम संकलन गर्न ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले ठेक्का लिन इच्छुक फर्मवा कम्पनिहरु वाट तोकिएको न्युनतम अंकमा नघटने गरि सिलवन्दि बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएकोछ । साथै टेन्डर खरिदगर्दा सूचनाका शर्तहरुको बिस्तृत जानकारिका लागि यस कार्यालयको सूचना पाटी, वेभसाइड www.bardgoriyamun.gov.np तथा कार्यालय समय भित्र राजस्व शाखा र फो.नं.०९१–४०४०८९ बाट जानकारि प्राप्त गर्न सकिनेछ ।

| ठेक्का नं. | नदी / खोलाको विवरण | न्यूनतम ठेक्का अक रु.मा (भ्याट वाहेक ) | टेण्डर फाराम दस्तुर | सूचनाको अवधि |
|---|---|---|---|---|
| १/२०७५/०७६ | **पथरिया, कुइरा, भिजुवा, कांडा** | रु. १,२००००००।– **(एक करोड बीसलाख मात्र)** | ३०००।– (तीन हजार मात्र) | ३० दिन (तीस दिन) |

शर्तहरु

१. बोलपत्र खरिद गर्न इच्छुक बोलपत्र दाताले मु.अ. कर दर्ता प्रमाणपत्र आ.ब. २०७५।२०७६ सम्मको फर्म नविकरण आ.ब.२०७४।०७५को आयकर चुक्ता प्रमाण पत्र पेशगरि सूचना प्रकासित भएको मितिले ३०सौ दिन सम्म कार्यालय समय भित्र यसै कायर्नलय वाट खरिदगरि ३१सौ दिनको १२ बजे सम्म शिलवन्दि बोलपत्र दाखिला गरि सक्नु पर्नेछ र रितपुर्याइ प्राप्त हुन आएका बोलपत्र ३१सौ दिनको २ बजे बोलपत्र दाता वा निजको प्रतिनिधिहरु र गाउपालिका प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । बोलपत्र दाताहरु व निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।बोलपत्र फाराम खरिद एवम दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सो दिन पछी कार्यालय खुलेको दिन लाई क्रमश: अन्तिम दिन मानिनेछ ।

२. बोलपत्र फारम साथ धरौटी वापत कबोल अंकको ५ (पाच) प्रतिशतले हुने जमानत रकम यस कार्यालयको NIC ASIA बैंक बौनिया शाखामा रहेको खाता नम्बर ९५४१४९८६८७५२४००४ मा रकम जम्मा गरेको सक्कल भौचर वा सुचना जारी भएको मितिले कम्तिमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त 'क'वर्गको बाणिज्य बैंकको ग्यारेन्टी (विड वन्ड) पेश गर्नु पर्ने छ ।

३. नेपाल सरकारको प्रचलित कानुन बमोजिम लाग्ने आयकर | मूल्य अभिबृद्धिकर तथा शुल्कहरु प्रस्तावक स्वयंले तिर्नु पर्नेछ , कार्यालयमा बुझाउनु पर्ने सम्पूर्ण रकम र कर समेत बुझाइ सकेपछी मात्र धरौटी रकम फिर्ता हुनेछ |

४. बोलपत्र स्वीकृत भई सम्झौता भए पश्चात कुनै किसिमको छुट,मिनाहा वा माफि दिइने छैन ।

५. कबोल अंकलाई दुई किस्ता कायम गरिनेछ । पहिलो किस्तावाफत कुल कबोल अंकको ५०% हुन आउने रकम सम्फौता हुन अगावै बुझाउनुपर्ने छ र बाकि ५०% रकम पौष मसान्त भित्र बुझाउनु पर्नेछ । कुल कबोल अंकको एक मुष्ट रकम सम्झौताको समयमानै अग्रिम बुझाएमा औचित्य हेरि कबोल अंकको १०% सम्म छुट दिन सकिने छ ।

६. बोलपत्रदाताबाटबोलपत्रमा मूल्य अभिवृद्धि कर बाहेकको रकम उल्लेख गर्नुपर्नेछ | दररेट अंक र अक्षरमा अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । केरमेट भएमा केरमेट भएको ठाउँमा सहिछाप भएको हुनुपर्नेछ |

७. यस गाउँपालिकाको छाप र कार्यालयको तर्फबाट प्रमाणित नभएको फारमलाई मान्यता दिइने छैन |

८. म्याद नाघी वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन |

९. यस सुचनामा उल्लेखित कुरा यसै सुचना अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ |

१०. यस गाउँपालिकाको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालमा सुरक्षित रहनेछ |

११. आ.ब.२०७५।०७६ को लागि कर संकलन मिति सम्फौता गरेका मितिले २०७६ जेष्ठ मसान्त सम्म(चुरे संरक्षित क्षेत्र बाहेक)

अर्जुन सिंह कार्की
नि.प्रमुख प्रशासकीय अधिकृत